Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

# सामुदायिक माध्यमिक विद्यालयमा भाषिक सिप विकासमा कथा शिक्षणका विधि तथा क्रियाकलापहरूको प्रयोग अवस्था

डा. तिलक लम्साल
उपप्राध्यापक, नेपाली शिक्षा
नेपाल खुला विश्वविद्यालय, मानभवन, ललितपुर
tilaklamsal522@gmail.com

लेख प्रकाशन विवरण: सङ्कलन: २०८१/०६/१८, समीक्षण: २०८१/०६/३०, स्वीकृत: २०८१/०७/०३

## लेख सार

*प्रस्तुत लेख सामुदायिक माध्यमिक विद्यालयमा नेपाली भाषा शिक्षकले के कस्ता विधि तथा क्रियाकलापको प्रयोग गरी कथा शिक्षण गर्दछन् भन्ने अनुसन्धान प्रश्नसँग सम्बन्धित समस्यामा केन्द्रित रहेको छ । उक्त समस्यामा आधारित भई नेपाली भाषा शिक्षकले प्रयोग गर्ने गरेका कथा शिक्षण विधि र त्यससम्बद्ध क्रियाकलापहरूको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । विद्यार्थीलाई सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषिक सिपमा सक्षम बनाउनका लागि नेपाली भाषा शिक्षकहरूले साहित्यको कथा विधा शिक्षणमा के कस्ता विधि तथा क्रियाकलापहरू उपयोग गर्दछन् भन्ने पक्षको यस लेखमा अध्ययन गरिएको छ । गुणात्मक ढाँचामा आधारित प्रस्तुत लेखमा माध्यमिक तहका नेपाली भाषा शिक्षकहरूसँग अन्तर्वार्ता लिएर कथा शिक्षणमा प्रयोग भएका विधि तथा क्रियाकलापको खोजी गरिएको छ। तथ्यको वर्णन तथा विश्लेषण गर्दा आगमन विधिको प्रयोग गरिएको छ । प्राप्त तथ्यलाई विश्लेषण गर्दा नेपाली भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा सस्वर वाचन, मौन वाचन, व्याख्यान/प्रवचन, प्रश्नोत्तर, छलफल, सन्देश बोध, समीक्षात्मक लेखन आदि विधि तथा क्रियाकलापहरू गर्ने गरेको पाइयो । यस अध्ययनबाट माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९ १०), २०७८ को नेपाली विषयको पाठ्यक्रमले निर्दिष्ट गरेका कथा शिक्षण सिकाइ सहजीकरणका विधि तथा क्रियाकलापहरूको कम मात्रामा शिक्षकले प्रयोग गर्ने गरेको, शिक्षक केन्द्रित विधि बढी प्रयोग गर्ने गरेको नतिजा निस्किएको छ । यसका लागि कथा शिक्षणसँग सम्बन्धित दुर्बल पक्षहरू कम गर्न कथा शिक्षणका विधि तथा सिकाइ सहजीकरणका कार्यकलापका सम्बन्धमा नेपाली भाषा शिक्षकलाई पाठ्यक्रम प्रबोधिकरण र शिक्षण विधिसम्बन्धी थप तालिम दिनुपर्ने निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** पाठ्यक्रम, सिकाइ क्रियाकलाप, नेपाली भाषा, शिक्षण विधि, कथा शिक्षण ।

## परिचय

अहिले हाम्रो देशमा सामुदायिक र संस्थागत गरी दुई प्रकारका माध्यमिक विद्यालयहरू सञ्चालित छन् । सरकार लगानी र समुदायको प्रयासमा स्थापित विद्यालयलाई सामुदायिक र निजी लगानीमा स्थापित विद्यालयलाई सामुदायिक विद्यालय भनिन्छ। दुवै प्रकारका माध्यमिक विद्यालयहरूमा एउटै पाठ्यक्रमको नेपाली भाषाको पाठ्यपुस्तकका माध्यमबाट नेपाली विषय शिक्षण गर्नुपर्ने व्यवस्था रहेको छ । यस लेखमा सामुदायिक विद्यालयलाई मात्र अध्ययन क्षेत्र मानिएको छ । विभिन्न सिकाइ क्रियाकलापका माध्यमबाट सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारवटै भाषिक सिपको विकास गर्नु नेपाली भाषा पाठ्यक्रमको उद्देश्य हो । भाषा शिक्षणमा विषयवस्तु गौण र भाषिक सिप प्रधान हुने भएकाले भाषा शिक्षण क्रियाकलापमुखी हुनुपर्छ । अधिकारी (२०५०) का अनुसार "विद्यालयका क्रियाकलापमा भाषा साध्य र साधन दुवै हो । भाषद्वारा नै विद्यालयका सबै कार्यकलापहरू सञ्चालन हुन्छन् । शिक्षक कक्षामा निर्देशन दिन्छन्, प्रश्नोत्तर वा छलफल गराउँछन् वा विविध किसिमका अभ्यास गराउँछन्

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

आदि सबै शैक्षणिक गतिविधि एक दृष्टिले भाषिक गतिविधि ठहरिन्छन्"(पृ.२) । यसरी हेर्दा भाषा शिक्षण क्रियाकलाप र अभ्यासमा केन्द्रित हुने गर्दछ । अतः भाषिक सिप सिकाउनका लागि कविता, कथा, निबन्ध, रूपक आदि विभिन्न साहित्यिक विधाहरूको सहारा लिइन्छ । साहित्यिक विधाहरूमा भाषाको विविध रूपको प्रस्तुति रहेने हुँदा साहित्यिक विधासम्बद्ध भएर शिक्षण गर्दा भाषिक सिपको विकासमा मद्दत पुग्ने गर्दछ । त्यसैले भाषा शिक्षणका लागि उल्लिखित विधाहरूको उपयोग गरिन्छ । ती विधामध्ये कथा एक प्रमुख विधा हो । त्यसैले यहाँ माध्यमिक तहमा कथा विधाका माध्यमबाट सामुदायिक विद्यालयका नेपाली भाषा शिक्षकहरूले भाषिक सिपको विकास गर्न उपयोग गरिने सिकाइ सहजीकरणका विधि तथा क्रियाकलापहरूको अध्ययन गरिएको छ ।

माध्यमिक तहमा नेपाली भाषा शिक्षणका विधि, पद्धति, प्रक्रिया र क्रियाकलापहरूसँग सम्बन्धित भएर केही पूर्वकार्य भएका देखिन्छन् । उक्त अध्ययनहरू नेपाली भाषा शिक्षणप्रतिको दृष्टिकोण, व्याकरण शिक्षणका क्रियाकलापहरू, कविता शिक्षणका क्रियाकलापहरूसँग बढी सम्बद्ध देखिन्छ । कथा शिक्षणका सम्बन्धमा केही अध्ययन भए पनि यसका विधि तथा क्रियाकलापसमम्बन्धी अध्ययन कमै रहेको देखिन्छ । यही कमी नै प्रस्तुत लेखको अनुसन्धान अन्तराल हो । भाषिक सिप विकास गर्न कथा शिक्षणका क्रममा शिक्षकहरूले कुन कुन विधि तथा क्रियाकलाप प्रयोग गरिरहेका छन् भन्ने जिज्ञासा उत्पन्न भएको हुँदा यो अध्ययन गर्नुपर्ने आवश्यकता पर्न गएको हो । त्यसैले प्रस्तुत अध्ययन सामुदायिक विद्यालयमा माध्यमिक तहका नेपाली भाषा शिक्षकले प्रयोग गर्ने गरेका कथा विधाका सिकाइ सहजीकरण विधि तथा क्रियाकलापसम्बद्ध समस्यामा केन्द्रित रहेको छ ।

अनुसन्धान अन्तराललाई सम्बोधन गर्ने संयन्त्रलाई शोधप्रश्न भनिए (श्रेष्ठ, २०७७, पृ.३०) उपर्युक्त समस्या समाधानका लागि यस अध्ययनमा माध्यमिक तह (कक्षा ९ र १०) मा नेपाली भाषा शिक्षकहरूले भाषि सिप विकासका लागि कथा शिक्षण गर्दा के कस्ता विधि र क्रियाकलाप प्रयोग गर्ने गरेका छन् ? भन्ने शोधप्रश्न तय गरिएको छ । उक्त समस्या समाधानका लागि माध्यमिक तहका नेपाली भाषा शिक्षकहरूले कथा शिक्षणका क्रममा प्रयोग गर्ने शैक्षणिक विधि तथा क्रियाकलापहरूको विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । प्रस्तुत अध्ययन कथा शिक्षणका विधि र क्रियाकलापसँग सम्बन्धित भएको हुँदा नेपाली भाषा शिक्षकलाई यो लेख उपयोगी हुने अपेक्षा गरिएको छ ।

## *कथा शिक्षण विधि तथा कार्यकलापहरू*

गद्यमा लेखिएको आख्यान भएको छोटो रचना नै कथा हो (नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९)। यसलाई अङ्ग्रेजीमा क्जयचत क्तयचथ भनिन्छ । दुवै शब्दको अर्थ कुनै आख्यान भएको छोटो घटनासम्बन्धी कथन हो जो एक बसाइमा नै पढेर सकिन्छ भन्ने हुन्छ । सामाजिक सांस्कृतिक, लोक, ऐतिहासक, पौराणिक, मनोवैज्ञानिक आदि विभिन्न प्रकारका कथा हुन्छन् । जस्ताप्रकारका भए पनि सबै कथामा कथावस्तु, पात्र (चरित्र), परिवेश, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली आदि हुन्छन् । कथाका यी विविध तङ्खवहरूका आधारमा विद्यार्थीको स्तरअनुसार भाषिक सिप सिकाउन उपयोग गर्ने गरिनछ । त्यसैले नेपाली भाषा शिक्षणका क्रममा तल्लो तहको कक्षादेखि माथिल्लो तहसम्म पनि कथा विधाको शिक्षण गर्ने गरिएको छ ।

कथा शिक्षित, अशिक्षित तथा सबै उमेर समूहका स्रोता र पाठकका लागि चाखलाग्दो र रोचक विधा हो । भाषा सिकाइका क्षेत्रमा कथा विधा निकै प्राचीन, प्रचलित र लोकप्रिय रहेको छ । शर्मा र पौडेलको कथनअनुसार कथाको यही प्रचीनता र रोचकताले गर्दा यसलाई विद्यालयका पाठ्यक्रममा पर्याप्त स्थान दिइएको छ । कथाका माध्यमबाट भाषा सिकाइलाई रुचिपूर्ण र सुगम बनाउँन, विद्यार्थीलाई कल्पना र सिर्जना शक्ति बढाउन र साहित्यप्रति रुचि जगाउन निकै सहज हुन्छ (पृ.२३१) । त्यसै गरी कथा शिक्षणबाट भाषा परिष्कारका साथै स्वस्थ मनोरञ्जन, विषय बोध, अभिरुचि संवर्धन र विश्लेषणात्मक प्रतिभाको विकासका साथै अनुशासन, नैतिक उपदेश, चरित्र निर्माण र सिर्जना

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

शक्ति बढाउन पनि निकै मद्दत मिल्दछ (शर्मा र पौडेल, २०७३, पृ.२३२)। यसरी हेर्दा कथा शिक्षण भन्नाले कथाप्रति विद्यार्थीहरूलाई आकर्षित गराई त्यसका माध्यमबाट भाषा सिकाइ प्रक्रिया सञ्चालन गर्नु हो ।

कथा शिक्षणका विधिहरूमा व्याख्यान विधि, छलफल/प्रश्नोत्तर विधि, तुलना विधि, समीक्षा विधि, परियोजना विधि, पठनबोध विधि, कक्षा प्रस्तुतिकरण विधि र कथा शिक्षण क्रममा प्रस्तावना, कथा कथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण, विशिष्ट पङ्क्तिहरूको व्याख्या पर्दछन् ( शर्मा पौडेल, २०७३, पृ. २३२-२३४) । त्यसै गरी द्रुत पठन विधि, गहन पठन विधि पनि कथा शिक्षणका विधिहरू हुन् । कथा शिक्षणका कार्यकलापहरूमा कथाकथन, सारग्रहण, सस्वर र मैन पठन, बोधप्रश्नोत्तर, शब्द तथा उखान टुक्काहरूको प्रयोग, घटनाक्रम मिलाउने पर्दछन् (लमिछाने, २०६१, पृ. १३०-१३२) ।

पाठ्यक्रम विकास केन्द्र (२०७९, पृ.२१-५६) बाट प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ को नेपाली विषयको पाठ्यक्रमअनुसार सुनाइ सिपअन्तर्गत वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिलेख, श्रुति रचना, सुनाइका आधारमा बुँदा टिपोट, श्रुतिबोध, पाठको सुनाइका आधारमा प्रश्न निर्माण, अनुमान, वस्तु वा घटना वर्णन जस्ता क्रियाकलाप गराउनुपर्छ । त्यस्तै बोलाइ सिपअन्तर्गत कुराकानी, छलफल, प्रश्नोत्तर, वस्तु वर्णन, कथा कथन, घटनावर्णन, वादविवाद, वक्तृता, अभिनय र नाटकीकरण जस्ता क्रियाकलाप गराउनुपर्दछ । पढाइ सिपअन्तर्गत सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोधजस्ता कियाककलाप गराउनुपर्छ । पठन बोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, सारांश, प्रश्नको निर्माण घटना वर्णन र मिलान जस्ता क्रियाककलाप गराउनुपर्छ । त्यसै गरी लेखाइ सिपअन्तर्गत अनुलेखन, श्रुतिलेखन, अनुभव वर्णन, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, प्रश्नोत्तर लेखन, बुँदा टिपोट, भावविस्तार वा व्याख्या, सारांश लेखन, अनुच्छेद लेखन, निबन्ध लेखन, प्रतिवेदन लेखन, संवाद लेखन, विभिन्न विषय क्षेत्रका व्यावहारिक लेखन र विभिन्न विधामा सिर्जनात्मक लेखनलगायतका क्रियाकलाप गराउनुपर्दछ (पाठ्यक्रम विकास केन्द्र (२०७९), पृ.५०) भन्ने उल्लेख छ ।

उक्त पाठ्यक्रममा समावेश गरिएको विधाका माध्यमबाट सिपहरूको शिक्षणअन्तर्गत आख्यानात्मक पाठका क्रियाकलापहरू उल्लेख गरिएको छ (पृ.५०) । आख्यानात्मक पाठ भनेको कथा विधा हो । उक्त पाठ्यक्रमअनुसार कथा शिक्षणको उद्देश्य विद्यार्थीहरूमा कथानात्मक अभिव्यक्तिसिपको विकास गर्नु हो । आख्यानात्मक पाठ भाषा शिक्षणका साधन हुन् । नेपाली भाषा पाठ्यक्रममा यिनलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमका रूपमा राखिएको छ । आख्यानात्मक पाठको शिक्षणमा कथाश्रवण, कथाकथन, संरचना पहिचान, कथा निर्माण, सस्वर तथा मौन पठन, पठन बोध, प्रश्नोत्तर, चरित्र चित्रण र पात्र तुलना, बुँदा टिपोट, व्याख्या, सारांश, घटनाक्रम मिलान, कथा सार, नयाँ शब्दको उच्चारण, अर्थबोध र प्रयोग, अनुलेखन, श्रुतिलेखन र सिर्जनात्मक लेखनजस्ता क्रियाकलाप गराउनुपर्छ (पृ.५०-५१)।

हाल कार्यान्वयनमा रहेको माध्यमिकक तहको कक्षा ९ को पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र,२०७९) र कक्षा १० को पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र,२०८०) मा निर्दिष्ट गरिएका अभ्यास र क्रियाकलापहरूमा शब्दभण्डार, बोध र अभिव्यक्ति, सुनाइ र बोलाइ, भाषिक संरचना र वर्णविन्यास तथा सिर्जन र परियोजना कार्यसम्बन्धी क्रियाकलापहरू रहेका छन् । त्यसै गरी पाठ्यक्रम विकास केन्द्र (२०८०) को कक्षा ९ को नेपाली शिक्षक निर्देशिमा निर्दिष्ट सिकाइ सहजिकरण क्रियाकलापहरूमा (क) कक्षा सुरुआती क्रियाकलाप, (ख) विषयवस्तुसम्बद्ध सहजीकरण क्रियाकलाप (विषयवस्तुमा आधारित छलफल, सस्वर पठन तथा शब्दोच्चारण, पाठगत शब्दार्थ र प्रयोग, कथाको संरचना पहिचान, पाठगत बोध प्रश्नोत्तर, घटना टिपोट तथा मिलान, कथासार, कथा सन्देश, चरित्र

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

चित्रण, तुलना र परिवेश वर्णन, सङ्क्षिप्त उत्तर, बोध प्रश्नोत्तर, व्याख्या, तार्किक लेखन, समीक्षात्मक लेखन, तुलनामा आधारित भाषिक प्रकार्य, श्रुतिबोध, कथाको अनुकरण लेखन र प्रस्तुति, सिर्जना र परियोजना कार्य, निर्दिष्ट बुँदामा आधारित कथा लेखन, स्वतन्त्र कथा लेखन र (ग) सबै कार्यकलापको अन्त्यमा मूल्याङ्कन गर्नुपर्ने उल्लेख रहेका छन् ।

**अध्ययन विधि**

प्रस्तुत लेख कथा शिक्षणका विधि तथा क्रियाकलापसम्बन्धी पाठ्यक्रम विकास केन्द्र (२०७९) बाट प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ मा उल्लिखित अवधारणात्मक ढाँचामा आधारित रहेको छ । यसका साथै डेन्जिन एन्ड लिङ्कन (सन् २०११) ले भनेजस्तै सहभागीहरूबाट फरक फरक विचार एवम् अनुभव सङ्कलन गरी बहुतथ्य र बहुअर्थहरू पहिल्याउन व्याख्यात्मक आयाम (इन्टरप्रेटिभिज्म) लाई लेखको प्रतिमान (प्याराडाइम) मानिएको छ ।

यस लेखका लागि मोरङ जिल्लाका १० वटा सामुदायिक माध्यमिक विद्यालय (कक्षा ९ र १०) मा अनिवार्य नेपाली विषय शिक्षण गर्ने १० जना सबै शिक्षकहरूलाई उद्देश्यमूलक रूपमा सहभागी छनोट गरिएको छ । उद्देश्यका प्राप्तिका लागि अनुसन्धाता र सूचकका बिचमा हुने वार्तालाई अन्तर्वार्ता भनिए (बन्धु, २०५२, पृ.५२) अनुसार यस लेखमा सहभागीहरूसँग अन्तर्वार्ता लिएर तथ्याङ्क सङ्कलन गरिएको छ । शीर्षकसम्बद्ध प्रकाशित पुस्तकहरू, माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८, कक्षा ९ र १० को नेपाली पाठ्यपुस्तक र कक्षा ९ को शिक्षक निर्देशिकालाई उपयोग गरिएको छ । यो अध्ययन मूल रूपमा क्रेसवेल (सन् २००९) का धारणाअनुसार गुणात्मक ढाँचामा आधारित छ । यस लेखमा व्यावहारिक पक्षको अध्ययनमा जोड दिने आगमनात्मक विधि (शर्मा र लुइटेल, २०५२, पृ.१३) बाट तथ्याङ्कलाई वर्णन तथा विश्लेषण गरिएको छ । सामग्री सङ्कलनका क्रममा सहभागीको गोपनीयता कायम गरिएको छ ।

**नतिजा र छलफल**

पाठ्यक्रम विकास केन्द्र (२०७९, पृ.२१-५६) बाट प्रकाशित माध्यमिक शिक्षा पाठ्यक्रम (कक्षा ९-१०), २०७८ को नेपाली विषयको पाठ्यक्रममा कक्षा ९ लागि कार्यघण्टा ११ भएका २ वटा सामाजिक कथा, एउटा लोक कथा र एउटा बालमनोविज्ञान कथा गरी ४ वटा कथा शिक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी कक्षा १० का लागि कार्यघण्टा ११ नै भएका २ वटा सामाजिक कथा, एउटा ऐतिहासिक/पौराणिक र एउटा मनोवैज्ञानिक कथा ४ वटा नै कथा शिक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी माध्यमिक तह कक्ष ९ र १० मा ८ वटा कथा शिक्षण गर्नुपर्ने पाठ्यक्रमले व्यवस्था गरेको छ । त्यसअनुसार उक्त पाठ्यक्रमअनुसार निर्मित कक्षा ९ को नेपाली पाठ्यपुस्त (पाठ्यक्रम विकास केन्द्र, २०७९) मा ध्रुवचन्द्र गौतमको स्वाद (पृ.१०), मोतीलाल पराजुलीको कालजित र अजङ्गको राक्षसको कथा (पृ.६९), पद्मावती सिंहको समय पीडा (पृ.११७) र देवकुमारी थापाको भविष्य निर्माण (पृ.१६८) गरी चारओटा कथा राखिएको छ । त्यसै गरी कक्षा १० को नेपाली पाठ्यपुस्तक (पाठ्यक्रम विकास केन्द्र, २०८०) मा बदरीनाथ भट्टराईको घरझगडा (पृ.१२), विश्वेश्वरप्रसाद कोइरालाको शत्रु (पृ.८९), गुरुप्रसाद मैनालीको कर्तव्य (पृ.१४१) र बिना थिङको आयाम (पृ.२१८) गरी चारैओटा कथा राखिएको छ ।

कथा शिक्षणका उपर उल्लिखित सैद्धान्तिक तथा अवधारणात्मक ढाँचाका आधारमा तथ्य सङ्कलन गर्ने क्रममा नेपाली भाषा शिक्षकहरूसँग अन्तर्वार्ता लिने सन्दर्भमा कथा शिक्षण गर्दा सुनाइ बोलाइ, पढाइ र लेखाइ भाषिका सिप विकासका लागि तपाईं के कस्ता विधि तथा क्रियाकलापहरूको के कसरी प्रयोग गर्नुहुन्छ भन्ने प्रश्नको जवाफमा सहभागी शिक्षकहरूबाट निम्न जवाफ पाइयो :

शिक्षक १ ले सस्वर वाचन, शब्दार्थ, वाक्यमा प्रयोग, उखान टुक्काको प्रयोग, कथा कथन, सारांश कथन, कथा लेखन, घटना वर्णन, बोध प्रश्नोत्तर, सस्वर पठन, घटना वर्णन, विश्लेषण, बुँदा

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

टिपोट, छलफल विधि तथा क्रियाकलापहरूको प्रयोग गरेर कथा शिक्षण गर्दछु भनेको पाइयो भने शिक्षक २ ले कथा शिक्षण गर्दा कथाकारको फोटोसहित परिचय, सस्वर वाचन, सार बर्णन, व्याख्यान विधिको प्रयोग, शीर्षक परिचय, कथा कथन, सस्वर वाचन, व्याख्या तथा विवेचना, सारसन्देश प्रस्तुति गर्ने गरेको छु भनेको पाइयो । त्यस्तै शिक्षक ३ ले सस्वर वाचन, अप्ठ्यारा शब्दको अर्थ, कथा सार वर्णन, व्याख्या गर्ने, भर्चुअल सामग्रीको प्रयोग, सस्वर तथा मौन पठन, भाव विस्तार, कथा लेखन, कथा वाचन, कथा श्रवण, प्रश्नोत्तर, कथाा लेखन प्रतियोगिता गरेर कथा शिक्षण गर्दछु भनेको र शिक्षक ४ ले कथाकारको परिचय, चित्र, फोटो, आदि देखाउने, उच्चारण, अर्थ, वाक्यमा प्रयोग, सारांश मात्र बताउने पुरै व्याख्या नगने, सस्वर वाचन, कठिन शब्दार्थ शिक्षण, व्याख्यान, छलफल, प्रश्नोत्तर, पृष्ठपोषण क्रियाकलाप सञ्चालन गराउने गरेको छु भनेको पाइयो । त्यस्तै शिक्षक ५ ले शिर्षक, चित्र र पात्रको पहिचान, पात्रहरूको चरित्र चित्रण, कथा सार वर्णर्न, कथा सन्देश वर्णनमा जोड दिने, कथा कथन, सस्वर र मौन पठन, सारांश कथन, बोध प्रश्नोत्तर, उखान टुक्काको प्रयोग, घटनाक्रम टिपोट, व्याख्या विश्लेषण गर्ने गरेको र शिक्षक ६ ले पनि सस्वर वाचन, पढन बोध, शब्दार्थ, वाक्यमा प्रयोग, उखान टुक्का आदिको प्रयोग, अन्य मिल्दा कथा सुनाउने, मौखिक वर्णन, सस्वर र मौन पठन, सारांश कथन लेखन, व्याख्या, भाव विस्तार, प्रश्नोत्तर, शब्दार्थ, छलफल गर्न लगाउँछु भनेको पाइयो । त्यसैगरी कथा विधा शिक्षण गर्दा शिक्षक ७ ले कथाकारको फोटो सहित परिचय, सस्वर वाचन, सार बताउने, व्याख्यान विधि, सस्वर र मौन पठन, बुँदा टिपोट, छलफल, नवीन शब्दार्थ, प्रश्नोत्तर, व्याख्या गर्ने गराउने गरेको, शिक्षक ८ ले सस्वर वाचन, अप्ठ्यारा शब्दको अर्थबध, कथा सार बताउने, व्याख्या गर्ने, भर्चुअल सामग्रीको प्रयोग, छलफल, पठनबोध विधि, सस्वर वाचन, छलफल गर्ने, व्याख्या गर्ने, सारांश लेखन, घटनाक्रम मिलाउने र पृष्ठपोषण दिने गरेको, शिक्षक ९ ले कथाकारको परिचय, चित्र, फोटो, आदि देखाउने, उच्चारण, अर्थ, वाक्यमा प्रयोग, सारांश वर्णन र कथा कथन, सारांश कथन, कथा लेखन, घटना वर्णन, बोध प्रश्नोत्तर, सस्वर पठन, घटना वर्णन, विश्लेषण, बुँदा टिपोट, छलफल र शिक्षक १० ले शिर्षक, चित्र र पात्र पहिचान, पात्रहरूको चरित्र र कथावस्तु वर्णन गर्ने, सन्देशमा जोड दिने, शीर्षक परिचय, कथा कथन, सस्वर वाचन, व्याख्या तथा विवेचना, सारसन्देश प्रस्तुति गर्ने गरेको छु भनेको पाइयो ।

## कथा शिक्षणमा भाषिक सिपका बोध क्षमता विकाससम्बद्ध विधि तथा क्रियाकलापहरू

माध्यमिक तहका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गर्ने गरेका बोधसम्बद्ध विधि तथा क्रियाकलापहरूलाई तालिकामा निम्नअनुसार प्रस्तुत गरिएको छ :

तालिका १

*कथा शिक्षणमा भाषिक सिपका बोध क्षमता विकाससम्बद्ध विधि तथा क्रियाकलापहरू*

| सिप | क्रियाकलाप | सहभागी शिक्षकले सञ्चालन गर्ने गरेको क्रियाकलापको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| सुनाइ | कथाश्रवण वा अन्य कथाश्रवण | – | – | + | | – | + | – | – | – | – |
| | श्रुतिबोध (कथावस्तु वर्णन गरेर) | – | – | + | – | – | + | – | – | – | + |
| | मानवीय र मानवेतर पात्रको संवेग बोध | – | – | – | – | – | – | – | – | – | – |
| | सामाजिक/सांस्कृति विषयवस्तुको बोध | – | – | – | – | – | – | – | – | – | – |
| | सुनाइका आधारमा अनुमान | – | – | – | – | – | – | – | – | – | – |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बोलाइ | शब्द उच्चारण | − | − | − | + | − | − | − | − | + | − |
| | कथा सार वर्णन | + | − | − | − | − | − | − | + | − | − |
| | बोध प्रश्नोत्तर | + | − | − | − | + | − | − | − | + | − |
| पढाइ | सस्वर पठन | + | + | + | + | + | + | + | + | + | + |
| | मौन पठन | − | − | + | − | + | + | + | − | − | − |
| | शब्दार्थ बोध | + | − | − | + | − | + | + | + | + | − |
| | सन्देश बोध | − | + | − | + | + | − | − | − | − | + |
| | पठन बोध | − | − | − | − | − | − | − | + | − | − |
| | संरचना, संवाद र परिवेश पहिचान | − | − | − | − | − | − | − | − | − | − |
| | पात्र पहिचान | − | − | − | − | − | − | − | − | − | + |
| | प्रश्न निर्माण र उत्तर पहिचान | − | − | − | − | − | − | − | − | − | − |
| | पाठसँग सम्बन्धित ज्ञान र स्मरण | − | − | − | − | − | − | − | − | − | − |
| | कल्पनामा आधारित अनुमान र निष्कर्ष | − | − | − | − | − | − | − | − | − | − |
| लेखाइ | पाठमा प्रयुक्त उखान टुक्काको पहिचान र प्रयोग | − | − | − | − | + | + | − | − | − | − |
| | पाठमा प्रयुक्त र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | − | − | − | − | − | − | − | − | − | − |

उपर्युक्त तालिका १ मा (+) चिह्नले छ र (−) चिह्नले छैन भन्ने तथ्यको सङ्केत गर्दछ । उक्त तालिकालाई हेर्दा माध्यमिक शिक्षा पाठ्यक्रम (पाठ्यक्रम विकास केन्द्र, २०७९, पृ.२१-५६) मा उल्लिखित बोध क्षमतासम्बद्ध सुनाइ सिप विकासका लागि श्रुतिबोध (कथावस्तु वर्णन गर्ने), अन्य कथाश्रवण (अन्य कथा सुनाउने) आदि विधि तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइन्छ भने मानवीय र मानवेतर पात्रको संवेग बोध, सामाजिक/सांस्कृति विषयवस्तुको बोध, सुनाइका आधारमा अनुमान आदि विधि तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइँदैन । त्यस्तै बोलाइ सिप विकासका लागि शब्द उच्चारण, कथा सार वर्णन, बोध प्रश्नोत्तर आदि विधि तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइन्छ । त्यसै गरी पढाइ सिप विकासका लागि सस्वर पठन, मौन पठन, शब्दार्थ बोध, सन्देश बोध, पठन बोध, पात्र पहिचान आदि विधि तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइन्छ भने संरचना, संवाद र परिवेश पहिचान, प्रश्न निर्माण र उत्तर पहिचान, पाठसँग सम्बन्धित ज्ञान र स्मरण, कल्पनामा आधारित अनुमान र निष्कर्ष आदि विधि तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइँदैन । त्यस्तै लेखाइ सिप विकासका लागि पाठमा प्रयुक्त उखान टुक्काको पहिचान र प्रयोग छिटपुट रूपमा सञ्चालन गर्ने गरेको पाइन्छ भने पाठमा प्रयुक्त र अनुकरणात्मक शब्दको पहिचान र प्रयोग,

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

नेपाली अक्षरको पहिचान र प्रयोग, अनेकार्थी शब्दको पहिचान र प्रयोग, समावेशक र समावेश्य शब्द पहिचान र प्रयोगसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने गरेको पाइँदैन ।

सङ्क्षेपमा भन्दा बोध क्षमता विकाससम्बद्ध विधि तथा क्रियाकलापहरूमा अन्य पक्षको तुलनामा कथा श्रवण (कथावस्तु सुन्न लगाउने), सस्वर पठन (पढेर पाठ बुझ्न लगाउने), शब्दार्थ बोध (कठिन शब्दको अर्थ कण्ठ गर्न लगाउने) र सन्देश बोध (कथाको भाव वा सन्देश बुझ्न लगाउने) सम्बन्धी क्रियाकलापहरू सबैभन्दा बढी शिक्षकहरूले सञ्चालन गर्ने गरेको पाइयो ।

## कथा शिक्षणमा भाषिक सिपका अभिव्यक्ति क्षमता विकाससम्बद्ध विधि तथा क्रियाकलापहरू

माध्यमिक तहका शिक्षकहरूले कथा शिक्षण गर्दा प्रयोग गर्ने गरेका अभिव्यक्तिसम्बद्ध विधि तथा क्रियाकलापहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका २

*कथा शिक्षणमा भाषिक सिपका अभिव्यक्तिक्षमता विकाससम्बद्ध विधि तथा क्रियाकलापहरू*

| सिप | क्रियाकलाप | सहभागी शिक्षकले सञ्चालन गर्ने गरेको क्रियाकलापको अवस्था | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| सुनाइ | वर्ण र वाक्य विभेदीकरण | – | – | – | – | – | – | – | – | – | – |
| | श्रुतिलेखन | – | – | – | – | – | – | – | – | – | – |
| | श्रुति रचना | – | – | – | – | – | – | – | – | – | – |
| | सुनाइका आधारमा बुँदा टिपोट | – | – | – | – | – | – | – | – | – | – |
| | पाठको सुनाइका आधारमा प्रश्न निर्माण | – | – | – | – | – | – | – | – | – | – |
| बोलाइ | कुराकानी र छलफल | + | – | – | + | – | + | + | + | + | – |
| | मौखिक प्रश्नोत्तर | – | – | – | + | – | – | – | – | – | – |
| | कथा कथन र कथा वाचन | + | + | + | – | + | + | – | – | + | + |
| | सार वा सारांश कथन | + | + | + | | + | – | + | + | + | + |
| | कथाको घटना पहिचान र वर्णन | + | – | – | – | – | + | – | – | + | – |
| | चरित्र वर्णन | – | – | – | – | + | – | – | – | – | + |
| | चरित्र तुलना | – | – | – | – | – | – | – | – | – | – |
| | परिवेश वर्णन | – | – | – | – | – | – | – | – | – | – |
| | संरचना वर्णन | – | – | – | – | – | – | – | – | – | – |
| | संवेगात्मक प्रस्तुतिसहित मौखिक अन्तर्क्रिया | – | – | – | – | – | – | – | – | – | – |

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पढाइ | पठन गतिको मापन | – | – | – | – | – | – | – | – | – | – |
| | पढाइका आधारमा प्रश्नको निर्माण र प्रश्नोत्तर | – | – | – | – | – | – | – | – | – | – |
| | सारांश वर्णन | – | – | – | + | – | – | – | + | – | – |
| | पढाइका आधारमा अनुमान वर्णन | – | – | – | – | – | – | – | – | – | – |
| लेखाइ | बुँदा टिपोट | + | – | – | – | – | – | + | – | + | – |
| | घटनाक्रम टिपोट र मिलान | – | – | – | – | + | – | – | + | – | – |
| | वाक्यमा प्रयोग | + | – | – | + | – | + | – | – | + | – |
| | सङ्क्षिप्त प्रश्नोत्तर लेखन | – | – | + | – | – | + | + | – | – | – |
| | विवेचनात्मक प्रश्नोत्तर लेखन | – | – | + | – | – | + | + | – | – | – |
| | सार वा सारांश लेखन | + | – | + | – | – | + | – | – | – | – |
| | भाव विस्तार लेखन | – | + | + | + | + | + | + | – | – | + |
| | व्याख्या लेखन | – | + | + | + | + | – | + | – | – | + |
| | तार्किक समीक्षात्मक लेखन | – | – | – | – | – | – | – | – | – | – |
| | अनुकरणात्मक कथा लेखन | – | – | – | – | – | – | – | – | – | – |
| | अन्य कथाको समीक्षा | – | – | – | – | – | – | – | – | – | – |
| | स्वतन्त्र कथा रचना वा सृजनात्मक लेखन | + | – | + | – | – | – | – | – | + | – |

उपर्युक्त तालिका २ मा (+) चिह्नले छ र (–) चिह्नले छैन भन्ने तथ्यको सङ्केत गर्दछ । उक्त तालिकालाई हेर्दा माध्यमिक शिक्षा पाठ्यक्रम (पाठ्यक्रम विकास केन्द्र, २०७९, पृ.२१-५६)मा उल्लिखित अभिव्यक्तिक्षमतासम्बद्ध सुनाइ सिप विकासका लागि वर्ण र वाक्य विभेदीकरण, श्रुतिलेखन, श्रुतिरचना, सुनाइका आधारमा बुँदा टिपोट, पाठको सुनाइका आधारमा प्रश्न निर्माण आदि कुनै पनि क्रियाकलाप सञ्चालन गर्ने गरिएको देखिएन । त्यस्तै बोलाइ सिपका लागि कुराकानी र छलफल, मौखिक प्रश्नोत्तर, कथा कथन र कथा वाचन, सार वा सारांश कथन, कथाको घटना पहिचान र वर्णन आदि क्रियाकलापहरू सञ्चालन गर्ने गरेको देखियो भने चरित्र तुलना, परिवेश वर्णन, संरचना वर्णन, संवेगात्मक प्रस्तुतिसहित मौखिक अन्तर्क्रियाका क्रियाकलापहरू सञ्चालन गर्ने गरेको देखिएन । त्यसै

Kutumbha vani, Volume 5, Issue 1, October, 2024 ISSN 2616-0331

गरी पढाइ सिप विकासका लागि सारांश वर्णनको क्रियाकलाप मात्र सञ्चालन गर्ने गरेको देखियो भने पठन गतिको मापन, पढाइका आधारमा प्रश्नको निर्माण र प्रश्नोत्तर, पढाइका आधारमा अनुमान वर्णन आदि कुनै पनि क्रियाकलापहरू सञ्चालन गर्ने गरेको देखिएन । त्यस्तै लेखाइ सिप विकासका लागि बुँदा टिपोट, घटनाक्रम टिपोट र मिलान, वाक्यमा प्रयोग, सङ्क्षिप्त प्रश्नोत्तर लेखन, विवेचनात्मक प्रश्नोत्तर लेखन, सार वा सारांश लेखन, भाव विस्तार लेखन, व्याख्या लेखन र केही मात्रामा स्वतन्त्र कथा रचनाका क्रियाकलापहरू सञ्चालन गर्ने गरेको देखियो भने तार्किक समीक्षात्मक लेखन, अनुकरणात्मक कथा लेखन, अन्य कथाको समीक्षा आदि क्रियाकलापहरू सञ्चालन गर्ने गरेको देखिएन ।

सङ्क्षेपमा भन्दामा अभिव्यक्तिक्षमता विकाससम्बद्ध विधि तथा क्रियाकलापहरूमा अन्य पक्षको तुलनामा कथा कथन र कथा वाचन, सार वा सारांश कथन, भाव विस्तार लेखनसम्बन्धी क्रियाकलापहरू सबैभन्दा बढी शिक्षकहरूले सञ्चालन गर्ने गरेको पाइयो ।

समग्रमा भन्दा नेपाली भाषा शिक्षकहरूले कथा विधा सहजीकरणका क्रममा उपयोगमा ल्याएका विभिन्न विधि तथा क्रियाकलापहरू केही हदसम्म उपयुक्त नै छन् । यति भएर पनि कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरूको स्तरअनुसार कथाप्रति अभिरुचि बढाउन र उनीहरूलाई बढीभन्दा बढी सक्रिय बनाउन (पाठ्यक्रम विकास केन्द्र (२०७९), पृ.५१) ले निर्देश गरेका गरेका अन्य क्रियाकलापहरू पनि थप सञ्चालन गर्नुपर्ने देखिन्छ । यसका लागि कथा लेखनसम्बन्धी प्रतियोगिता सञ्चालन गरेर विद्यार्थीहरूमा कथाप्रति सिर्जनात्मक क्षमता अभिवृद्धि गर्नुपर्ने आवशयकता देखियो ।

उपलब्ध तथ्याङ्कलाई विश्लेषण गर्दा (पाठ्यक्रम विकास केन्द्र, २०७९, पृ.५०-५४)मा निर्दिष्ट गरिएका सिकाइ सहजीकरण प्रक्रियाहरूलाई माध्यमिक तहका नेपाली भाषा शिक्षकहरूले खासै पालन गरेको पाइएन किनभने कथा विधा शिक्षण सहजीकरण गर्ने क्रममा पाठ्यक्रमले उल्लेख गरेका प्रस्तुतीकरण, अभ्यास र उत्पादनलाई बेवास्ता गरेको देखियो । उक्त पाठ्यक्रममा उल्लिखित क्रियाकलापहरूलाई हुबहु उपयोग गर्नेतर्फ शिक्षकहरूको त्यति ध्यान पुग्न नसकेको देखियो । कथा शिक्षण गर्दा माध्यमिक पाठ्यक्रम (कक्षा ९-१०), २०७८ ले  निर्देश गरेका बहुबौद्धिकता, समालोचनात्मक चिन्तन आदि सहजीकरणका प्रक्रिया सञ्चालन भएको पाइएन । यस क्रममा पाठ्यक्रमले निर्देश गरेका अन्य क्रियाकलापहरू पनि थप गरेर कथा सिकाइ सहजीकरण गर्नुपर्ने आवश्यकता देखियो । उल्लिखित सबै विधि तथा क्रियाकलापको प्रयोग गरेर कथा शिक्षणलाई रूचिपूर्ण, प्रविधिमैत्री एवम् विद्यार्थीमैत्री बनाउनु आवश्यक देखियो ।

परिसीमा

साहित्य शिक्षणका क्रममा कविता, निबन्ध, रूपक आदि विधाको पनि शिक्षण पनि गरिने भए तापानि यो लेख कथा विधाका शिक्षण विधि र क्रियाकलापमा मात्र सीमित छ ।

## निष्कर्ष

सामुदायिक माध्यमिक तहका कक्षा ९ र १० मा नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूले कथा शिक्षण गर्ने सन्दर्भमा कथाकारको परिचय, सस्वर वाचन, मौन वाचन, वाक्यमा प्रयोग, सन्देश बोध, व्याख्यान प्रश्नोत्तर, छलफल आदि विधि तथा क्रियाकलापहरू सञ्चालन गर्ने गरेका छन् । सस्वर वाचन र मौन वाचनका क्रियाकलापहरू विद्यार्थी केन्द्रित देखिए पनि भाव वा सन्देश बोधका क्रियाकलापहरू शिक्षक केन्द्रित छन् । शब्दार्थ शिक्षण गर्दा विद्यार्थीहरूलाई अर्थ कण्ठ पार्न लगाउने गरेका छन्, जुन उपयुक्त छैन । शिक्षकहरूले कथा शिक्षणका अन्य विधिभन्दा व्याख्यान विधिको सबैभन्दा बढी प्रयोग गर्ने गरेका छन् । प्रश्नोत्तर र छलफलका क्रियाकलाप पर्याप्त हुने गरेका छैनन् ।  बुँदा टिपोट, परियोजना कार्य, प्रस्तुतीकरण लगायतका विद्यार्थीकेन्द्रित क्रियाकलापहरूको प्रयोग हुन सकेको छैन । यी सबै आधारमा हेर्दा कथा शिक्षणमा प्रयोग हुने गरेका विधि तथा क्रियाकलापहरूका

 ISSN 2616-0331

केही सबल र केही दुर्बल पक्षहरू देखिएका छन् । केही शिक्षकहरूले कथा शिक्षणका परम्परागत विधि र प्रक्रियामा केही परिवर्तन गरेर विद्यार्थीहरूलाई सक्रिय बनाई छलफल, अर्न्तक्रिया, समूह कार्यजस्ता क्रियाकलापमा जोड दिनु सबल पक्ष हुन् भने शिक्षक केन्द्रित विधि तथा क्रियाकलापहरूकै प्रयोगमा बढी समय खर्च गर्नु, पाठ्यक्रमका निर्देशनहरूलाई पूर्ण रूपमा पालना नगर्नु, प्रशस्त शैक्षिक सामग्रीका साथै प्रविधिको प्रयोग नगर्नु, शिक्षकहरू प्रविधिमैत्री बन्न नसक्नु, अन्य विधिभन्दा व्याख्यान विधिकै बढी प्रयोग हुनु, व्यक्तिगत तथा सामूहिक कार्य एवम् परियोजना कार्यलाई जोड नदिनु दुर्बल पक्ष हुन् । अतः कथा शिक्षणलाई अझ प्रभावकारी बनाउँन पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका निर्देशित अन्य क्रियाकलापहरूको थप प्रयोग गर्नुपर्ने आवश्यकता छ ।

सुझाव

उपर्युक्त दुर्बल पक्षलाई सबल बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गरी माध्यमिक तह (कक्षा ९ र १०) को नेपाली विषयको हाल कार्यान्वयनमा रहेको पाठ्यक्रम (२०७८) ले निर्देशन गरेअनुसार सिकाइ सहजीकरण प्रक्रियालाई विद्यार्थीकेन्द्रित ढङ्गले योजनाबद्ध रूपमा सञ्चालन गर्न आवश्यक रहेको देखिन्छ ।

## सन्दर्भ सूची

अधिकारी, हेमाङ्गराज (२०५०), *नेपाली भाषा शिक्षण* (तृतीय संस्क.), विद्यार्थी पुस्तक भण्डार ।

क्रेसबेल, जे.डब्लु. (सन् २००९), *रिसर्च डिजाइन : क्वालिटेटिभ, क्वान्टिटेटिभ र मिक्स मेथड्स एप्रोएच,* सेग पब्लिकेसन ।

डेन्जिन, एन.के.एण्ड लिङ्कन वाइ.यस. (सन् २०११). *द सेगह्याण्ड बुक अफ क्वालिटेटिभ रिसर्च,* सेग पब्लिकेसन ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०७९), *प्रज्ञा नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान।

पाठ्यक्रम विकास केन्द्र (२०७९), *माध्यमिक शिक्षा पाठ्यक्रम, २०७८, कक्षा ९ र १० (अनिवार्य विषयहरू),* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०७९), *नेपाली कक्षा ९* (पाठ्यपुस्तक) भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०८०), *नेपाली कक्षा १०* (पाठ्यपुस्तक), भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

पाठ्यक्रम विकास केन्द्र (२०८०), *शिक्षक निर्देशिका, (कक्षा ९, नेपाली),* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

बन्धु, चूडामणि (२०५२),*अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०६१), *नेपाली भाषा शिक्षण परिचय,* (पाँचौं संस्क), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०७३), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५२), *शोधविधि,* काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७७), *साहित्यको अनुसन्धान व्यवस्थापन,* काठमाडौं : शिखा बुक्स ।